# प्रदेश सभा
## गण्डकी प्रदेश
## दोस्रो अधिवेशन
## (दसौं बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण

### मिति : २०७५/०२/२७ गते, साँझको ८:३० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको दोस्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय उपसभामुख श्री श्रृजना शर्माज्यूको अध्यक्षतामा बेलुकाको ८ बजेर ३० मिनेटमा प्रारम्भ भयो ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अब यो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**(टेबुल ठोक्ने आवाज आयो)**

माननीय सदस्यहरु, अब म, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई **"प्रदेश कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**(टेबुल ठोक्ने आवाज आयो)**

**(संसदीय मर्यादा कायम गर जस्ता नाराहरु  माननीयज्यूद्धारा उच्चारण गरिएको)**

## माननीय सभामुखज्यू

**(माननीयज्यू बस्नुस, माननीयज्यू बस्नुस .... )**

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ ज्येष्ठ २५ गते **"प्रदेश कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक्**" प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ बमोजिम माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब म **"प्रदेश कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, माथि विचार गरियोस्"** भन्ने प्रस्ताव अर्थात् विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु ।

छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आ-आफ्नो नाम सहजीकरणको लागि सभामुखको डायससँगै बसेका कर्मचारीलाई उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

अब म, माननीय आर्थिक मामिला तथा योजना मन्त्री ऐ अब म, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**(माननीय सदस्यहरुद्धारा निरन्तर विरोध भई रहेको)**

**माननीय सभामुखज्यू**

अब यो छलफल यहीं समाप्त भएको हुन्छ ।

अब म **"प्रदेश कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

**(माननीय सदस्यहरुद्धारा निरन्तर विरोध भई रहेको)**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **“हुन्छ”** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **“हुन्न”** भन्नुहोस् ।

**(टेबुल ठोक्ने आवाज आयो)**

**(माननीय सदस्यहरुद्धारा निरन्तर विरोध भई रहेको)**

**“हुन्न”** भन्ने आवाज सुनिएन, तसर्थ **“प्रदेश कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, माथि विचार गरियोस्”** भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**(टेबुल ठोक्ने आवाज आयो)**

**(माननीय सदस्यहरुद्धारा निरन्तर विरोध भई रहेको)**

**माननीय सभामुखज्यू**

विधेयकमा संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम **बहत्तर (७२) घण्टा भित्र** आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ ।

माननीय सदस्यहरु, अब म, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई **“प्रदेश बित्त व्यवस्थापन विधेयक, २०७५, माथि विचार गरियोस्”** भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल ज्येष्ठ २५ गते प्रस्तुत भएको प्रदेश वित्त व्यवस्थापन विधेयक प्रदेश नं. ४, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**(टेबुल ठोक्ने आवाज आयो)**

**(माननीय सदस्यहरुद्धारा निरन्तर विरोध भई रहेको)**

**माननीय सभामुखज्यू**

अब म **"प्रदेश बित्त व्यवस्थापन विधेयक, २०७५, माथि विचार गरियोस्"** भन्ने प्रस्ताव अर्थात् विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ। ाननीय सदस्यहरु, यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु।

उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आ-आफ्नो नाम सहजीकरणको लागि सभामुखको डायससँगै बसेका कर्मचारीलाई उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

अब म, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ लाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

(**माननीय सदस्यहरुद्धारा निरन्तर विरोध भई रहेको**)

अब यो छलफल यहीं समाप्त भएको हुन्छ।

अब म **"प्रदेश बित्त व्यवस्थापन विधेयक, २०७५, माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई **निर्णयार्थ** प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस्।

**“हुन्न”** भन्ने आवाज सुनिएन, तसर्थ **“प्रदेश बित्त व्यवस्थापन विधेयक, २०७५, माथि विचार गरियोस्”** भन्ने प्रस्ताव **सर्वसम्मतिले स्वीकृत भएको** घोषणा गर्दछु ।

विधेयकमा संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले प्रदेश सभा नियमावलीको **नियम ११० बमोजिम बहत्तर(७२) घण्टा भित्र** आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ ।

माननीय सदस्यहरु, अव माननीय प्रदेश प्रमुखज्यूले मिति २०७५ बैशाख २५ गते सभामा प्रस्तुत गर्नुभएको र माननीय मुख्य मन्त्रीज्यूले सभा समक्ष टेबुल गर्नुभएको २०७५/७६ सालको वार्षिक नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आ-आफ्नो नाम सजिलोको लागि सभामुखको डायससँगै बसेका कर्मचारीलाई उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

(**माननीय सदस्यहरुद्धारा निरन्तर विरोध भई रहेको**)

अब यो छलफल आजको लागि यही समाप्त हुन्छ ।

(**माननीय सदस्यहरुद्धारा निरन्तर विरोध भई रहेको**)

अब यो छलफल आजको लागि यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु अब यो बैठक २०७५ साल जेष्ठ २८ गते दिनको ११:०० बजे सम्मको लागी स्थगित हुन्छ ।**